# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १०    अंक ५५    काठमाडौं    शनिबार, २ असार २०८०    Prabhab National Daily    Saturday, June 17, 2023    www.prabhabonline.com    पृष्ठ ६    मूल्य रू. ५/-


# हरिकृष्ण कार्की बने देशको ३०औं प्रधानन्यायाधीश






■ प्रभाव संवाददाता

**काठमाडौं-** मुलुकको ३०औं प्रधानन्यायाधीशमा हरिकृष्ण कार्की नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार कार्कीलाई प्रधानन्यायाधीश नियुक्त गरेका हुन् । यसअघि संसदीय सुनुवाइ समितिले शुक्रबार नै कार्कीलाई प्रधानन्यायाधीशका लागि सर्वसम्मत अनुमोदन गरेको थियो ।

नवनियुक्त प्रधानन्यायाधीश कार्कीले शुक्रबार साँझ राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएसँगै पदवहाली गरेका छन् । सर्वोच्च अदालत पुगेर पदवहाली गर्ने क्रममा उनले आफ्नै संयोजकत्वमा न्यायपालिका सुधारका लागि बनेको प्रतिवेदनको जगमा आधारित कार्ययोजना लागू गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले प्रतिवेदनका आधारमा न्यायपालिकाको अधिकार क्षेत्रलाई पुनरावलोन गर्ने बताए । उनले भने, 'न्याय ढिलो हुन्छ, सर्वोच्च अदालतले न्याय दिन ढिलाइ गर्छ, लामो समय लाग्छ भन्ने कुरालाई सम्बोधन गर्नका लागि प्रतिवेदनअनुसार काम गर्छौं ।'

उनले न्यायाधीश र कर्मचारीको सरुवा, बढुवा, काजलगायत ठोस र वस्तुगत आधारमा देखिने गरी अघि बढाउने बताए । प्रधानन्यायाधीश कार्कीले न्यायाधीश नियुक्तिको सवालमा सम्बोधन गर्नका लागि न्यायाधीशको योग्यता अभिवृद्धिका लागि न्यायिक एकेडेमीमा 'जज कोर्स' सञ्चालनका लागि अध्ययन भइरहेको जानकारी दिए । (बाँकी पृष्ठ २ मा)

### को हुन् नवनियुक्त प्रधानन्यायाधीश कार्की

- २०१५ भदौ २५ गते ओखलढुंगाको माम्खामा जन्म ।
- वि.सं. २०३९ मा त्रिभुवन विश्वविद्यालयबाट कानुन संकायमा स्नातक ।
- लामो समयसम्म वकालत पेसामा संलग्न ।
- वि.सं. २०६९ मा वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त । सोही वर्ष नेपाल बार एसोसिएसनको अध्यक्षमा निर्वाचित ।
- वि.सं. २०७१ मा नेपाल सरकारको महान्यायाधिवक्ता पदमा नियुक्त ।
- नेपाल बार काउन्सिल र नोटरी पब्लिक काउन्सिलको अध्यक्ष भई काम गरेको अनुभव ।
- वि.सं. २०७२ मा सर्वोच्च अदालतको न्यायाधीश ।
- न्याय सेवा परिषद् र न्यायसेवा आयोगको सदस्य भई काम गरेको अनुभव ।
- २०७९ असोज ११ देखि कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी ।
- २०८० वैशाख २५ मा संवैधानिक परिषद्द्वारा प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस
- २०८० असार १ मा संसदीय सुनुवाइ समितिबाट प्रधानन्यायाधीश नियुक्तिका लागि सर्वसम्मत अनुमोदन र राष्ट्रपतिबाट प्रधानन्यायाधीश पदमा नियुक्त ।

## नक्कली शरणार्थी प्रकरण

# रायमाझी र खाणसहित १६ जना थुनामा

■ प्रभाव संवाददाता

**काठमाडौं-** नक्कली भुटानी शरणार्थी प्रकरणमा मुद्दा चलाइएका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाणलगायत १६ जनालाई पुर्पक्षका लागि थुनामा पठाउन अदालतले आदेश दिएको छ । जिल्ला अदालत काठमाडौंले शुक्रबार उक्त आदेश दिएको हो ।

न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले प्रहरी हिरासतमा रहेका १८ जनामध्ये १६ जनालाई कारागार चलान गरेको हो । पुर्पक्षमा जेल चलान भएकाहरू अब मुद्दाको किनारा नलाग्दासम्म कारागारमै रहने छन् ।

अदालतले अभियुक्त टंक गुरुङलाई १० लाख रूपैयाँ र लक्ष्मी महर्जनलाई पाँच लाख रूपैयाँ धरौटीमा छाड्न आदेश दिएको काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक दाहालले जानकारी दिए ।

उक्त मुद्दामा शुक्रबार नै जिल्ला सरकारी वकिलले जवाफी बहस गरेका थिए । उक्त प्रकरणमा प्रहरीले बुझाएको प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले गत जेठ १० गते जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको थियो । त्यसपछि आरोपीको बयान सकेर जेठ २१ गतेबाट थुनछेक बहस सुरु भएको थियो । तीन दिन सरकारी वकिल र उजुरीकर्ताको तर्फबाट बहस भएपछि प्रतिवादीका तर्फबाट वकिलहरूले बहस गरेका थिए । शुक्रबार त्यसको जवाफी बहस भएको हो ।

उक्त प्रकरणमा प्रहरीले पूर्वउपप्रधानमन्त्री रायमाझी, पूर्वगृहमन्त्री खाण, सोही घटनामा मुछिएर निलम्बनमा परेका नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, भुटानी शरणार्थी नेता टेकनाथ रिजाललगायत १८ जनालाई पक्राउ गरी हिरासतमा राखेको थियो ।

नक्कली शरणार्थी प्रकरणमा ३० जनालाई प्रतिवादी बनाएर मुद्दा दर्ता गरिएको थियो । उनीहरूविरुद्ध कीर्ते, ठगी, संगठित अपराध, एकीकृत कसूरसमेत गरेकाले सोहीअनुसार सजायको माग दाबीसहित मुद्दा दर्ता गरिएको थियो । साथै, सार्वजनिक ओहदामा बसेका व्यक्तिको हकमा थप तीन वर्ष सजाय माग गरिएको छ । उनीहरूविरुद्ध कैदका साथै २८ करोड ८१ लाख रूपैयाँ बिगोसमेतको माग गरिएको छ । उक्त प्रकरणमा संलग्न १२ जना फरार छन् ।

### यस्तो छ मुद्दा

गिरोहसँग साँठगाँठ गरेर देशको अन्तर्राष्ट्रिय छविमा आँच पुग्नेगरी सरकारमै बसेर उच्च पदस्थ राजनीतिक नेतृत्व र कर्मचारीकै मिलेमतोमा भएको भुटानी शरणार्थी काण्ड अदालतमा पुगेको हो । प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालय काठमाडौंले १० जेठमा ३० जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । आरोपीहरूविरुद्ध २८ करोड ८१ लाख ७४ हजार ५०० रूपैयाँ बिगो मागदाबी गरिएको छ ।



### कसको भूमिका के ?

- **टोपबहादुर रायमाझी:** मुख्य योजनाकार र निर्णयकर्ता । ठगीबाट करोडौं आर्जन
- **बालकृष्ण खाण:** एक करोड २४ लाख लिएपछि पन्थी कार्यदलको कार्यदेश थप
- **टेकनारायण पाण्डे:** नक्कली प्रतिवेदन तयारकर्ता, छ करोडभन्दा बढी लिएपछि नेताहरूलाई गुहार
- **डा. इन्द्रजित राई:** ठगीबाट पैसा उठाउँदै साढे चार करोडबाट जग्गा खरिद
- **टेकनाथ रिजाल:** ३४ वटा नक्कली छापमा सहीछाप, ११ लाख लाभ

सरकारी वकिल कार्यालयका प्रमुख तथा सहन्यायाधिवक्ता अच्यूतमणि नेउपानेका अनुसार पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाणसहित ३० जनालाई विभिन्न कसूरमा मुद्दाको अभियोजन गरिएको थियो । कार्यालयले ठगी, सरकारी कागजात कीर्ते, संगठित अपराध, राष्ट्रहितविरुद्धको अपराध, एकीकृत कसूर र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरमा मुद्दाको अभियोजन गरेको हो ।

आरोपितहरूमाथि लगाइएका अभियोगमध्ये सबैभन्दा धेरै सजाय र जरिवाना ठगी र कीर्तेसम्बन्धी कसूरमा छ । ती दुवै अभियोगमा सात-सात वर्ष जेल सजाय र ७०-७० हजार रूपैयाँसम्म जरिवाना तोकिएको छ । राज्यविरुद्ध अपराधमा पाँच वर्ष जेल सजाय र ५० हजार रूपैयाँसम्म जरिवानाको कानुनी प्रावधान छ ।

संगठित अपराधमा पाँच वर्ष जेल सजाय र ५० हजार रूपैयाँसम्म जरिवानाको व्यवस्था छ । एकीकृत कसूरमा पनि मुद्दा दायर भएकाले सबैभन्दा बढी सजाय हुने कसूरको आधा सजाय थप हुन्छ ।

आरोपीहरू पूर्वउपप्रधानमन्त्री रायमाझी, पूर्वगृहमन्त्री खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, गृह मन्त्रालय मातहतको हज समिति अध्यक्ष शमशेर मियाँ, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, मुख्य योजनाकारहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, सागर राई, टोपबहादुरका छोरा सन्दीप, खाणका स्वकीय नरेन्द्र केसी, गोविन्द चौधरी र पूर्वसभासद आङटावा शेर्पा छन् ।

अन्य आरोपीहरू प्रतीक थापा, केशव तुलाधर, धीरेन राई, मोहनराज राई, दीपा हुमागाईं, सुनिल बुढाथोकी, विनिता साउदेन लिम्बू, निरञ्जनकुमार पोखरेल, हरिभक्त महर्जन, अशोक पोखरेल, राजेश अर्याल, निरज राई र आशिष बुढाथोकी हुन् । टंक गुरुङ र लक्ष्मी महर्जनलाई धरौटीमा छाड्न आदेश दिइएको छ ।

सरकारी वकिल कार्यालयले आरोपीहरूलाई ठगीमा सात वर्षसम्म कैद र ७० हजार रूपैयाँसम्म जरिवाना हुनुपर्ने माग गरेको छ । पीडितलाई मनासिव क्षतिपूर्ति (बाँकी पृष्ठ २ मा)




## हरिकृष्ण कार्की...

पृष्ठ १ बाट जारी

संवैधानिक परिषद्ले कायममुकायम प्रधानन्यायाधीश रहेका कार्कीलाई गत वैशाख २५ गते नेपालको प्रधानन्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गर्दै संसदीय सुनुवाइ गर्न संघीय संसद्समक्ष पठाउने निर्णय गरेको थियो । समितिले शुक्रबार उनको कार्ययोजना र उनीविरुद्ध प्राप्त उजुरीमाथिको छलफल र प्रश्नोत्तरपछि प्रधानन्यायाधीश पदमा नियुक्तिका लागि सर्वसम्मत अनुमोदन गरेको थियो ।

नवनियुक्त प्रधानन्यायाधीश कार्की नेपालको न्यायिक इतिहासमै सबैभन्दा कम ५० दिन प्रधानन्यायाधीश हुने छन् । अर्थात् उनको प्रधानन्यायाधीशकाल आगामी १९ साउनसम्म हुनेछ । किनभने, सर्वोच्च अदालतको अभिलेखअनुसार उनको जन्म २० साउन २०१५ मा भएको हो । जसका कारण ६५ वर्षे उमेर हदले गर्दा कार्की अवकाशमा जाने छन् ।

यसअघि १९औं प्रधानन्यायाधीश अनुपराज शर्मा १०७ दिन (२०६६ मंसिर २८ देखि २०६६ चैत १३ गतेसम्म) प्रधानन्यायाधीश बनेका थिए । २७औं प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको कार्यकाल ११५ दिन (२०७५ भदौ २५ गतेदेखि २०७५ पुस १७ गतेसम्म) थियो ।

तर, हालसम्मकै सर्वाधिक कम समय प्रधानन्यायाधीश बनेका कार्कीले छोटो कार्यकालमा कार्ययोजना भने लामो अघि सारेका छन् । उनी आफैंले पनि कार्ययोजना पूरा हुने किटान भने गरेका छैनन् । 'नेपालको भावी प्रधानन्यायाधीशको रूपमा मेरो कार्यकाल कम रहेको कारण प्रस्तुत कार्ययोजना पूर्णकार्यान्वयन उक्त अवधिभित्र सम्पन्न गर्न अवश्य कठिन छ,' संसदीय सुनुवाइ समितिसमक्ष प्रस्तुत कार्ययोजनामा कार्कीले भनेका छन्, 'प्रस्तावित कार्ययोजना समग्र न्यायपालिकाको सुधारसम्बन्धी नीतिगत दस्तावेजको रूपमा रहन सकोस् र भावी नेतृत्वका लागिसमेत सुधारको आधारपत्र बन्न सकोस् ।'

कार्कीले स्वच्छ, निष्पक्ष, छिटो छरितो एवं गुणस्तरीय न्याय सम्पादन गरी सबैका लागि न्याय सुनिश्चित गर्नु आफ्नो मुख्य जिम्मेवारी भएको बताएका छन् । न्याय प्रशासनलाई प्रभावकारी बनाउने जिम्मेवारीप्रति त्यतिकै सजग र संवेदनशील रहने पनि उनले आफ्नो कार्ययोजनामा स्पष्ट गरेका छन् ।

प्रधानन्यायाधीश कार्कीले भनेका छन्, 'सबैका लागि न्याय सुनिश्चित गर्ने मुख्य जिम्मेवारीप्रति त्यतिकै प्रतिबद्ध रहनेछु । प्रस्तुत कार्ययोजनाबाट न्यायिक सुशासन र न्यायपालिकाप्रतिको आस्था एवं विश्वास अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने ठानेको छु ।'

## रायमाझी र खाणसहित...

पृष्ठ १ बाट जारी

भराउन पनि वकिल कार्यालयको माग छ ।

तत्कालीन गृहसचिव बालकृष्ण पन्थी संयोजकत्वको कार्यदलले सूचीकृत गरेको ४२ ९ जना भुटानी शरणार्थीको नाम उल्लिखित प्रतिवेदनको अनुसूचीहरू तत्कालीन गृहसचिव पाण्डेमार्फत बाहिर ल्याएर नक्कलीप्रति बनाएको अभियोगमा पनि तीसै जनालाई सरकारी कागज कीर्तेको कसूर लगाएको छ ।

यससँगै उनीहरूविरुद्ध आफूलाई लाभ हुने र अकुत सम्पत्ति कमाउने उद्देश्यले राष्ट्रहित प्रतिकूल काम गरेको र उनीहरूको यस्तो कार्यले नेपालको स्वाभिमान तथा अन्तर्राष्ट्रिय छविमा आँच पुऱ्याएको कसूर पनि लगाइएको छ । यस्तो कसूर रायमाझी, खाण, पाण्डे, रिजाल, इन्द्रजित र मियाँप्रति आकर्षित हुने भनिएको छ । सार्वजनिक पद धारण गरेका व्यक्ति भएकाले उनीहरूलाई राष्ट्रहितविपरीत कसूर गरेको अभियोगमा थप तीन वर्षसम्म कैद गर्न पनि सरकारी वकिल कार्यालयको माग छ ।

आरोपीहरूमध्ये १२ जना अझै फरार छन् । फरार रहेकामा पूर्वगृहमन्त्री थापाका छोरा प्रतीक, इन्द्रजितका छोरा निरज, केशव तुलाधर, लक्ष्मी महर्जन, धिरेन राई, मोहनराज राई, दीपा हुमागाईं, विनिता साउदेन लिम्बू, सुनिल बुढाथोकी, निरञ्जनकुमार खरेल, हरिभक्त महर्जन, अशोक पोखरेल, राजेश अर्याल र आशिष बुढाथोकी हुन् ।

### दुधे सा.व.उ.स. बेलका नगरपालिका ६ उदयपुरको काठ लिलामबिक्री सम्बन्धी सूचना

यस सावउसको स्वीकृत कार्ययोजना अनुसार आव २०७८।०७९ मा उत्पादन भई घाटगद्दी गरिएका लट नम्बर १ को साल जातको गोलिया थान ४४ को ४९४.९४ क्यूफिट, लट नम्बर २ को साल जातको गोलिया १४ को १७४.१९ क्यूफिट काठ समूह बाहिर बिक्रि बितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका र बन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । बिस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

# नेपालमा पहिलोपटक मंकीपक्स संक्रमण

**काठमाडौं (प्रस)**- नेपालमा पहिलोपटक मंकीपक्स भाइरसको संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले शुत्रबार विज्ञप्ति जारी गर्दै मंकीपक्स भाइरस (एमपक्स) संक्रमण देखिएको जानकारी दिए ।

'एक ६० वर्षीय विदेशी महिलामा एमपक्ससँग मिल्दोजुल्दो लक्षण देखिएपछि काठमाडौंको अस्पतालमा परीक्षण भइरहेको थियो,' उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'ती महिलाको शरीरबाट नमूना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा परीक्षण गर्दा आज एमपक्स संक्रमण पुष्टि भएको हो ।'

मंकीपक्सको बारेमा थप खोज अनुसन्धान तथा उपचार जारी रहेको जनाइएको छ । मंकीपक्स विश्वभरि हाल १११ देशमा फैलिसकेको छ । यो भाइरसबाट हुने एक किसिमको सरुवा रोग हो । यो एमपक्स रोग मानिसबाट मानिसमा वा जनावारबाट मानिसमा सर्ने गर्दछ । सन् १९८० मा बिफरको उन्मूलन र विश्वव्यापी बिफर खोपको अन्त्यपछि मंकीपक्स मध्य, पूर्वी र पश्चिमा अफ्रिकामा निरन्तर देखापरिहेको छ ।

# विपद् कोषमा ६ अर्ब मौज्दात

**काठमाडौं (प्रस)**- नेपाल सरकारको विपद् व्यवस्थापन कोषमा छ अर्ब रूपैयाँ रहेको छ । उक्त कोषको रकम विपद्जन्य घटनाको उद्धार, अस्थायी बसोबास, खाद्यान्न, आर्थिक सहायतालगायतमा खर्च हुन्छ ।

तोकिएकाबाहेकको क्षेत्रमा यसको रकम खर्च गर्न नपाइने कानुनी व्यवस्था छ । कोषमा रहेको छ अर्ब तीन करोड १२ लाख ९५ हजार रूपैयाँमध्ये सबैभन्दा बढी प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषमा तीन अर्ब १० करोड ६७ लाख १७ हजार रूपैयाँ मौज्दात रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए ।

यस्तै विपद् व्यवस्थापन कोषमा एक अर्ब ८१ करोड ८९ लाख ९० हजार रूपैयाँ छ । प्रदेश विपद् व्यवस्थापन कोषमा ५१ करोड ३३ लाख रूपैयाँ तथा जिल्ला विपद् व्यवस्थापन कोषमा ५९ करोड २२ लाख ८८ हजार रूपैयाँ रकम रहेको जनाइएको छ । यसपालिको मनसुनमा १२ लाख ५० हजार रूपैयाँ नागरिक प्रभावित हुने अनुमान गरिएकाले सोहीअनुसार विपद् प्रतिकार्य योजना बनाइ लागू गरिएको छ ।

### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०३/०२**

यस कम्पनीको मिति २०८०/०२/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **इम्पेरियल फेसिलिटी म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिडर्स बिजनेस ग्रुप प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडर्स बिजनेस ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक जुबु गा.वि.स. वडा नं.५, परिवर्तित थुलुङ दुधकोशी गाउँपालिका ५ बस्ने छोटे भुजेलको नाति विर सिंह भुजेल र नैनी भुजेलको छोराहरू (ना.न. १९३/१८७८ मिति २०४४/१०/११ सोलुखुम्बु) को नारायण भुजेल, रिट्टे भुजेल र कुमार भुजेल समेतले हाम्रो बाबु विर सिंह भुजेलको मिति २०७५/०९/१५ मा मृत्यु भएको निजको एक मात्र पत्नी नैनी भुजेलको मिति २०६३/०१/११ मा मृत्यु भएको, निजहरूको हामी पाँच छोराहरू र एक छोरी रहेकोमा छोरीको विवाह भइसकेको जेठा छोरा काले भुजेलको २००४/०९/१४ मा नावालक अवस्थामै मृत्यु भएको, साहिला छोरा फौदे भुजेलको मिति २०६०/०६/१५ मा अविवाहित अवस्थामै मृत्यु भएकोले बाबु, आमा र फौदे भुजेलको मृत्यु पछिको सबै भन्दा नजिकको हकदार हामी तीन दाजु भाइ मात्र भएकोले निजहरूको नाउँमा रहेको तपशिल बमोजिमका जग्गाहरू श्रेस्ता कायम गरी हाम्रो नाउँमा नामसारी गरी पाउँ भनि माग निवेदन पेश गरेको देखिदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरू अरु कोही कसैको हक भोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कोही कसैको हक दावी पुग्ने भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सवैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

**निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | जग्गाधनी |
|---|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | जुबु | ५ | १९६, १९७, १९८, २०४, २१९ र ४२२ | १०२०, ३४५, १५२०, २११०, १८९० र २११० | नैनी भुजेल |
| २. | सोलुखुम्बु | जुबु | ५ | १८१ | ११५० | फौदे भुजेल |
| ३. | सोलुखुम्बु | जुबु | ७ | ३४९ | ६२०० | विर सिंह भुजेल |

इति संवत् २०८० साल जेठ महिना ३० गते रोज ३ शुभम्......।

### मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक सोताङ गा.वि.स. वडा न. ६ परिवर्तित सोताङ गाउँपालिका ४ बस्ने अतमान ज्मीको नाति/बुहारी आरजु जिमी र जसमाया राईको छोरा/बुहारी (ना.न.४७४५/१०८० मिति २०५१/०५/०६ सोलुखुम्बु) को भिम बहादुर राई र (ना.नं. १००१/५६९/१८९५ मिति २०४६/१०/११ सोलुखुम्बु) को कुबिर माया राईले हाम्रो बाबु/ससुरा आरजु ज्मीको मिति २०५९/१२/०७ मा र निजको एकमात्र पत्नी हाम्रो आमा/सासु जसमाया राईको मिति २०५२/०२/१० मा मृत्यु भएको निजहरूको दुइ जना छोराहरु जेठा रास बहादुर राई र भिम बहादु राई रहेकोमा रास बहादुर राईको मिति २०६९/११/२४ मा मृत्यु भएको, निजको एक मात्र पत्नी कुबिर माया राई रहेको र सात जना छोरीहरूमा छोरीहरू सबैको विवाह भइसकेकोले बाबु /ससुरा र आमा/सासुको नाममा रहेको तपशिल बमोजिमका जग्गाहरूको श्रेस्ता कायम नरहेको र नाम फरक फरक उल्लेख भएकोले संशोधन सहित श्रेस्ता कायम गरी हाम्रो नाममा नामसारी गरी पाउँ भनि माग निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरू अरु कोही कसैको हक भोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए वा आरजु जिमी, अर्जुन ज्मी, अर्जुन बहादुर र अर्जुन मान फरक फरक व्यक्ति भए वा अतमान र अतमा ज्मी फरक फरक व्यक्ति भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सवैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

**निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | सोताङ | ५ | ७८६, ८७९ र ८८३ | १३६५, १५५ र ४६७५ |
| २. | सोलुखुम्बु | सोताङ | ५ | ८७८ | ६८० |
| ३. | सोलुखुम्बु | सोताङ | ६ | ८६५ | २८७० |

इति संवत् २०८० साल जेठ महिना ३१ गते रोज ४ शुभम्......।

### मोहन्याल गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिमडी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**मिती: २०८०/०३/०२**

यस कार्यालयले आ.व. २०७९/८० को २०८०/०२/१५ गते आर्थिक दैनिक मा दोस्रो पटक प्रकाशित सूचना र सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np/egp मा निर्माण कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताको मू.अ.कर सहितको कबोल अङ्क न्यून मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिएको र मूल्याङ्कन समिति बाट स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | बोलपत्र दाताको नाम र ठेगाना | बोलपत्रको विवरण | कबोल अङ्क मु.अ.कर सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | MRM/NCB/WORKS/04/2079/080 | प्रतिभा निर्माण सेवा-बर्दगोरिया गा.पा.- ०१, कैलाली । | Construction of Ward Office Building – Ward No. 5 | ५७००९२१।५९ | |

**प्रमुख प्रशासकीय अधिकृत**

### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०३/०२**

यस कम्पनीको मिति २०७९/१०/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी (**नरसिंह इन्टरप्राइजेज प्रा.लि.**) मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम (**नरसिहं ईन्टरप्राइजेज प्रा.लि)को** कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१०/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नरसिहं ईन्टरप्राइजेज प्रा.लि. नं.२४१५१४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### श्री सबनम हरियाली सामुदायिक वन उपभोक्ता समूह
**नरैनापुर गा.पा.-३, बाँके**

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सुचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०३/०२ गते)**

**यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रका समूहको स्विकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का. बाँकेको च.नं.२७५५ मिति २०८०/०१/१२ को वन पैदावार संकलन सहमती बमोजिम उत्पादित काठ, दाउरा समूहमा आन्तरिक खपत भई बाँकी रहेको काठ, दाउरा डि.व.का. बाँकेको च.नं. ३४२६ मिति २०८०/०२/३० को बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दिमा रहेका साल, कर्मा, घौटी र अन्य लगायतका गोलिया थान ६७ को ९२८.१६ घन फिट काठ र साल दाउरा ३.०० अन्य दाउरा ३.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।**

### सच्याइएको

यहि मिति २०८० साल असार १ गतेको यसै प्रभाव राँष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बुनु राईको **धितो लिलाम/बिक्री गर्ने बारे ७ (सात) दिने सार्वजनिक सूचना**मा सिलबन्दी बोलपत्र/लिलाम बढाबढको कार्यक्रममा मिति २०८० साल असार ०८ गते शुक्रबार हुनुपर्नेमा अन्यथा भएकोले सच्च्याईएको छ ।

शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
मुख्य कार्यालय चुच्चेपाटी, चाबहिल काठमाडौं
फोन नं. ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, म्युरोड, काठमाडौं

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ५३ जेठ ३२ गते २०८० मा प्रकाशित **Ishan Overseas Pvt. Ltd.** को Lot No. 287839 को **Faisal Mesfer Bin Safar Al-shalawi Food Industries Factoey** कम्पनीको विज्ञापनमा म्यानपावरको नाम **Ishan Overseas Pvt. Ltd.** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाईएको जानकारी गराईन्छ ।

**Ishan Overseas Pvt. Ltd.**
Samakhusi, Kathmandu, Nepal, Tel: 01-4380272/4380273 Fax: +977-1-5547945, E-mail: manishannepal@gmail.com

### बरुण इन्भेष्टमेन्ट लि.
**काठमाण्डौं**

**वार्षिक साधारण सभा सम्बन्धी संशोधीत सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०३/०२)**

**आदरणीय शेयरधनी महानुभावहरु,**
यस कम्पनीको संचालक समितिको मिति २०८०/०२/२४ गतेका दिन बसेको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने र उक्त साधारण सभामा निम्न विषयहरु उपर छलफल गरि निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय :-**
मिति :- २०८० साल आषाढ महिना २३ गते शनिबार
स्थान :- कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौं
समय :- अपरान्ह १२:०० बजे

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पुर्ण वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**
१. निम्न विषयका सम्बन्धमा प्रवन्ध-पत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।
अ) कम्पनीको जारी पूँजीको संरचनामा सशोधन गर्ने सम्बन्धमा ।
आ) सर्वसाधारणमा शेयर निस्काशन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

### प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**सुदूरपश्चिम प्रदेश**
**धनगढी, कैलाली**

**प्राविधिक प्रस्ताव स्वीकृत र आर्थिक प्रस्ताव खाल्ने सूचना**

**प्रकाशित मिति : २०८०/०३/०२**

यस कार्यालयबाट मिति २०७९/१०/२२ मा E-bidding (www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका बोलपत्रको प्राविधिक प्रस्ताव मुल्याङकन गर्दा तपशील बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतीको लागि छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपशिलः**

| S.N | Contract ID | Selected Bidders | Opening Date, Time and Venue |
|---|---|---|---|
| 1 | IFB NO.: MOIAL7/NCB/Kamalbazar-079/80 | Sawad-Divya JV Dhangadhi- 2 Kailali | 2080/03/10, 13:00 Hrs at Ministry of Internal affair and Law, sudurpaschim Province, Dhangadhi, Kailali. |
| 2 | IFB NO.: MOIAL7/NCB/Tikapur-079/80 | Triveni Lafa Construction Pvt. Ltd. Kathmandu | 2080/03/10, 13:00 Hrs at Ministry of Internal affair and Law, sudurpaschim Province, Dhangadhi, Kailali. |



**खानेपानीको दुःख** सुर्खेतको चिंगाड गाउँपालिका-५ आरूखर्कवासी दुई घण्टाको बाटो पैदल हिँडेर डोकोमा पानी बोकेर घरतर्फ आउँदै । हरेक वर्ष गर्मी मौसममा तीन/चार महिना यहाँका करिब २० घर परिवार खानेपानीको दुःख झेल्दै आएका छन् । उक्त बस्तीलाई लक्षित गरी आव २०७६/७७ देखि सुरू भएको डोप्का सिस्नुपोले आरूखर्क लिफ्ट खानेपानी आयोजनामा यस वर्ष बजेट विनियोजन नहुँदा आयोजनाको काम बीचैमा रोकिने भएको छ । *तस्बिरः सुरेश आचार्य/रासस*

# काभ्रेमा भेटिए मध्यकालीन पुरातात्त्विक वस्तु

**काभ्रे-** अरनिको राजमार्गअन्तर्गत सूर्यविनायकदेखि धुलिखेलसम्मको सडक विस्तारका क्रममा बनेपाको भैँसेपाटी क्षेत्रमा मध्यकालीन समयका पुरातात्त्विक वस्तु भेटिएका छन् । उक्त क्षेत्रमा डोजर लगाई बाटो खन्ने क्रममा प्राचीन इँटाको पर्खाल, पानीको स्रोत, प्राचीन काठ र शिला फेला परेका हुन् ।

पुरातात्त्विक वस्तु भेटिएपछि तत्कालै पुरातत्त्व विभागले डोजर लगाउने कार्य रोक्न लगाएको छ । विभागले यसबारे अध्ययनसमेत थालेको छ । विभागले गत जेठ २८ गते जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकलाई बनेपा नगरपालिका-१४ भैँसीपाटीमा डोजर लगाउने कार्य रोक्न पत्राचार गरेको हो । सडक मापदण्डमै प्राचीन सम्पदा फेला परेपछि संरक्षणकर्मीले त्यसमा चासो देखाएका थिए । विभागको भक्तपुरका प्रमुख यमुना महर्जन नेतृत्वको टोलीले स्थलगत निरीक्षण गरेपछि ती संरचना मध्यकालीन समयको रहेको पुष्टि भएको हो ।

महर्जनले उक्त क्षेत्र पुरानो 'पदमार्ग' भएकाले नेवारी भाषामा सो स्थानको नाउँ नै 'फल्चाहिटी' रहेको बताए । पदमार्गमा पानीको स्रोत भएको ठाउँमा पाटी हुने भएकाले सो स्थानमा पुरानो पाटी, ढुंगेधारा र कुवासमेत भेटिएका छन् । यी सम्पदालाई जोगाउन हाल उक्त क्षेत्रमा सडक विस्तारको काम रोकिएको छ । यस्तै विभागले राजमार्गअन्तर्गत पर्ने बनेपा नगरपालिकालाई समेत उक्त कार्य रोक्ने सम्बन्धमा पत्राचारसमेत गरेको छ ।

सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजनाका प्रमुख राजेन्द्रमान दासले उक्त स्थानमा सडक निर्माणार्थ कसरी डिजाइन गर्ने भन्नेबारे सर्वपक्षीय सहमति बनाइने बताए । पुरातात्त्विक सम्पदा भेटिएको ठाउँमा डोजर नचलाउन पाँचखालका अभियानकर्मी श्रीकृष्ण धिमालले विभागमा निवेदन दिएका थिए ।

गत फागुनदेखि अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक विस्तार सुरु गरिएको थियो । उक्त सडकखण्ड तीन बर्षमा सक्ने गरी भक्तपुरको सूर्यविनायक-साँगा र साँगा-धुलिखेलको सडकखण्ड विस्तार गर्न छुट्टाछुट्टै दुई चरणमा सम्झौता भएको थियो । उक्त राजमार्ग निर्माणको २५ वर्षपछि सूर्यविनायक-धुलिखेल कूल १५ दशमलव पाँच किलोमिटर सडकखण्ड चार लेनमा विस्तार थालिएको हो ।

सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजना कार्यालयका अनुसार साँगा-धुलिखेल सडकखण्ड विस्तार कार्यका लागि चार अर्ब पाँच करोड ६४ लाख रूपैयाँका ठेक्का लगाइएको छ भने दोस्रो चरणमा निर्माण गरिने सूर्यविनायक-साँगा सडकखण्ड भने ७.५ किमि रहेको छ । उक्त खण्डको ठेक्का तीन अर्ब ८८ करोड ९३ लाख रूपैयाँमा सम्झौता भएको हो । *रासस*

# गर्मीका कारण आँखाको रोग बढ्यो

**जलेश्वर (प्रस)-** तराई मधेसमा तीन सातादेखि बढेको गर्मीका कारण महोत्तरी जिल्लामा आँखा रोगीको संख्यामा वृद्धि भएको छ । जलेश्वरस्थित आँखा तथा कान उपचार केन्द्रका अनुसार अत्यधिक गर्मीका कारण आँखाका बिरामीको संख्यामा तीन सातादेखि अप्रत्याशित रूपमा वृद्धि भएको छ ।

केन्द्रका प्रमुख दृष्टि विशेषज्ञ डा. वीरेन्द्रकुमार यादवले अहिले गर्मीका कारण आँखामा एलर्जी, आँखा पाक्ने, आँखा सुक्खा हुने, आँखा पाक्ने, आँखा चिलाउने, आँखा पोल्नेलगायत समस्या लिएर बिरामी आउन थालेका जानकारी दिए । उनका अनुसार केन्द्रमा अहिले औसतमा ७० जनासम्म आँखाका बिरामी उपचारका लागि आउने गरेका छन् ।

डा. यादवले आँखामा हुने विभिन्न समस्याको प्रमुख कारणका रूपमा अत्यधिक गर्मी, गर्मीसँगै चल्ने तातो हावा, धुलो र धुवाँ रहेको बताए । उनले यसबाट बच्न तराई मधेसलगायत गर्मी बढी हुने ठाउँमा बस्ने सम्पूर्ण व्यक्तिलाई पूरै आँखा ढाक्ने चस्माको प्रयोग गर्ने, पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने, अनावश्यक घरबाहिर ननिस्कने, निस्कनै परे छाताको प्रयोग गर्ने बताए ।

साथै, उनले अहिले आँखाको समस्या हुन नदिन सबैले अनिवार्य रूपमा हरियो सागपात, फलफूल बढी मात्रामा प्रयोग गर्न सल्लाह दिए ।

## काठ लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकासित मिति २०८०/०३/०२**

यस सामुदायिक वन क्षेत्रबाट चालु आ.ब.मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलन गरी घाटगद्दीमा राखेको सात तथा अन्य जातको गोलिया काठ थान ९२५ को ८६७८.२९ क्यु.फिट र साल दाउरा ९ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालयमा स्वीकृत भएका इच्छुक वन पैदावरमा आधारित उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।

**अध्यक्ष**

**श्री नवजागृति सामुदायिक वन उपभोक्ता समूह, वाणगंगा न.पा.-२ कपिलबस्तु**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/२/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/01 | LT No.286602 | चलानी नं : ६०२०२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 25 | 25 | 900 | ३२३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | factory worker | 50 | 0 | 900 | ३२३९० | | | | | | | |
| 3 | packer | 13 | 0 | 900 | ३२३९० | | | | | | | |
| 4 | Stevedore | 20 | 0 | 1000 | ३५९८९ | | | | | | | |
| 5 | ticket collector | 25 | 25 | 1000 | ३५९८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ९ र १० गते (24/25th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINCERE TEXTILE INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/01 | LT. No. 266057 | चलानी नं.६०१८२३९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 60 | 1500 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SJ CLASSIC INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/01 | LT. No. 265819 | चलानी नं.६०१८१९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्क निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,

Mob: 9803089086, 9823348542, 9841206595

E-mail : hrnhimalayan@gmail.com

Website : www.hrnhimalayan.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAROS TRADING & CONTRACTING WLL

पूर्व स्वीकृति मितिः २०८०/03/01 | LT. No. 287774 | चलानी नं. ६०२०३२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 15 | 0 | 2500 | ८९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Simrik Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. २२३/०५८/०५९

Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336

01-4475337, 985-1227788, 9841456927



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN PLASTIC FACTORY FOR THE PRODUCTION OF PLASTIC BAGS

पूर्व स्वीकृति मिति २०७८/१२/08 | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/01 | LT. No. 259809 | चलानी नं. ६०१७६१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic / Product Packer | 12 | 0 | 100 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**काठमाडौं (प्रस)-** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहलाई सातदिने स्पष्टीकरण सोधेको छ । प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रको आफ्नो स्वामित्वमा रहेको जग्गामा लगाएको तारबार महानगरका प्रमुख साहको निर्देशनमा बिहीबार भत्काएपछि आज प्राधिकरणले उनलाई सातदिने लिखित स्पष्टीकरण सोधेको हो ।

स्पष्टीकरणमा भनिएको छ, 'काठमाडौं महानगरपालिका-९ स्थित नक्सा सिट नं १०२-११४७-१५, किनं ३० को जग्गा यस प्राधिकरणले तारबार लगाई ऐनको दफा ७ बमोजिम नियमित गरिराखेको विमानस्थल क्षेत्र हो, उक्त क्षेत्रमा नगर प्रहरी राजु पाण्डेसमेतले प्राधिकरणलाई सूचना नदिई अन्य नगर प्रहरीलाई आदेश दिई मिति २०८०/२/३२ मा फिनिसिङ तारबार काट्न लाग्दा नगरप्रमुखको आदेशबमोजिम यस्तो कार्य गरेको र उतै सोध्नु भनी जवाफ दिएकाले सो तारबार र फिनिसिङ काटी लैजाने कार्यमा तपाईंकोसमेत प्रत्यक्ष संलग्नता देखिएको हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ७ को कसूरमा पत्र प्राप्त भएको मितिले सात दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न हुन प्राधिकरणको मिति २०८०/२/३२ को निर्णयानुसार जानकारी गराइन्छ ।'

यसैगरी प्राधिकरणले म्यादभित्र लिखित स्पष्टीकरण पेस नगरेमा कानुनबमोजिम कारबाही गर्ने चेतावनीसमेत दिएको छ । प्राधिकरणले साहलाई सोधेको स्पष्टीकरणको बोधार्थ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणका अध्यक्षलाई दिएको छ ।

### मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक सोताङ गा.वि.स. वडा नं. ६ परिवर्तित सोताङ गाउँपालिका ४ बस्ने अतमान ज्मीको नाति आरजु जिमी र जसमाया राईको छोरा (ना.नं. ४७४५/१०८० मिति २०५१/०५/०६ सोलुखुम्बु) को भिम बहादुर राईले मेरो नाममा नापी दर्ता कायम रहेको तपशील बमोजिमका जग्गाको सक्कल जग्गाधनी प्रमाण पूर्जा र नागरिकतामा बाजे र बाबुको नाम फरक फरक उल्लेख भएकोले फिल्डबुक समेतको आधारमा विवरण संशोधन सहित श्रेस्ता कायम गरी प्रतिलिपि पूर्जा पाउँ भनी निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरु कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए वा आरजु जिमी, आरजु ज्मी र अर्जुन बहादुर फरक फरक व्यक्ति भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सवैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

**निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | सोताङ | ६ | ८६७, ८६८ र ८९९ | २४२५, २९५ र ५९५ |
| २. | सोलुखुम्बु | सोताङ | ९ | २१ | ३० |

इति संवत् २०८० साल जेठ महिना ३१ गते रोज ४ शुभम्......।

### अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशनको सूचना

यस Neoteric Nepal Pvt. Ltd. ले पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| S.NO. | PRODUCT | BRAND | MODEL | CAPACITY | COO | MRP(NPR) |
|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | HAIER | HRD-2105CRO-P | 190 Ltrs | INDIA | 39000 |
| 2 | REFRIGERATOR | HAIER | HRD-2103CSG-P | 190 Ltrs | INDIA | 42000 |
| 3 | REFRIGERATOR | HAIER | HRD-2103CMG-P | 190 Ltrs | INDIA | 42000 |
| 4 | REFRIGERATOR | HAIER | HRD-2103POG-P | 190 Ltrs | INDIA | 44000 |
| 5 | REFRIGERATOR | HAIER | HRD-2353BIS-P | 215 Ltrs | INDIA | 39500 |
| 6 | REFRIGERATOR | HAIER | HRD-2353PMG-P | 215 Ltrs | INDIA | 46500 |
| 7 | REFRIGERATOR | HAIER | HRD-2353PSG-P | 215 Ltrs | INDIA | 46500 |

विक्रेताको नाम: Neoteric Nepal Pvt. Ltd.
ठेगाना: Dhobighat, Lalitpur, Nepal

स्थाई लेखा नं: 301586443
फोन नं: 5453232


### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOLID COMPONENT MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०१ LT. No. 276095 चलानी नं. ६०१९२१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SRRI EASWARI MILLS SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०१ LT. No. 276559 चलानी नं. ६०१९३२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory worker | 20 | 0 | 1500 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np


### Rural Connectivity Improvement Project

**Project Implementation Unit-2,** Lalitpur, Nepal

Date of Publication: 2080/03/02

As per ADB Procurement Guideline, 2015 we are requested to submit your proposal as per issued RFQ from eligible vender for shopping of following works. You are advised to visit the site of the works at your own expense and obtain the necessary information for preparing your proposal. The document of RFQ shall be available at the office of Project Implementation Unit-2, Sanepa & should be submitted within 7 days of publication of notice with required documents. Contact No: 01-5552734. The laws governing the work shall be ADB Procurement Guideline, 2015.

| S.N | Name of Project | Location |
|---|---|---|
| 1. | Road Safety Works( Supplying & Installation of W Metal Beam Crash Barrier) in Kavre & Sindhupalchowk District of NCB-07 | Sindhupalchowk & Kavre District |
| 2. | Emergency Work of Monsoon Damages Control & Road Safety in Road-1: Lakhima-Arundamar & Road-3: Bhaktapur Bansabari-Purano Healthpost | Sindhuli & Bhaktapur District |


### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NORTH ENTITY STORE TO SERVE DRINKS

पुर्व स्वीकृति मिति २०८०/०३/०१ LT. No. :287929 चलानी नं. ६०२०३२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cold Food Processor | 14 | 0 | 1300 | ४६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.५६७/०६२/०६३

**Euro Tech Consultancy Pvt. Ltd.**
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HANEEN AL SHOUQ LAUNDRY

पूर्व स्वीकृति मिति २०८०/०२/३२ LT. No. 287831 चलानी नं. ६०२०३२४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Worker | 1 | 0 | 1600 | ५५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SENA DIECASTING INDUSTRIES SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०१ LT. No. 283601 चलानी नं. ६०१९९०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9801085037,9851004013

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHAITH EASTERN CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०८०/०३/०१ LT. No. 287884 चलानी नं. ६०२०३२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 12 | 0 | 1100 | ३८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

### Mauritus मा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSITE CONSTRUCTION LTD.

पुर्व स्वीकृति मिति : २०७९/११/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०१ LT. No.281480 चलानी नं. ६०१९६९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 10 | 0 | 16,665 | ४८,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 3 | Civil Engineer | 1 | 0 | 30,000 | ८६,४७० | | | | | | | |
| 4 | Cook | 2 | 0 | 17,000 | ४९,००० | | | | | | | |
| 5 | Electrician | 5 | 0 | 17,665 | ५०,९१५ | | | | | | | |
| 6 | Mason | 25 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 7 | Plasterer | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 8 | Plumber | 5 | 0 | 17,665 | ५०,९१५ | | | | | | | |
| 9 | Serveyor | 1 | 0 | 18,000 | ५१,८८५ | | | | | | | |
| 10 | Site Supervisor | 1 | 0 | 20,000 | ५७,६५० | | | | | | | |
| 11 | Steel Fixer | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |
| 12 | Tile Setter | 10 | 0 | 16,665 | ४८,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ९ गते (24th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १९,५००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १११८०० | प्रति तोला – १११२५० | प्रति तोला – १४२५ |



**टिमुरेमा निर्माणाधीन सुक्खा बन्दरगाह** | गोसाइँकुण्ड गाउँपालिका–२ स्याफ्रुबेसी टिमुरेमा चीन सरकारको सहयोगमा निर्माण हुँदै गरेको सुक्खा बन्दरगाह । नेपाल–चीन नाका केरूङबाट नेपाल भित्रिएका समान यस क्षेत्रमा जाँचपास गरिन्छ । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

## ब्याडमै सुक्न थाल्यो धानको बीउ

■ **सुशीला रेग्मी**

**रामपुर (पाल्पा)-** खेतमा यतिबेला सबैजसो किसानका ब्याडमा हरियाली धानको बीउ हुन्थे । असारको दोस्रो हप्ता पछाडि धान रोप्ने किसानले तयारी गर्थे तर यसपटक भने वर्षा नपरेपछि बीउ राख्न समस्या भएको किसानले बताएका छन् ।

असार सुरु हुँदासमेत पानी नपर्दा बीउ राख्न समस्या भएको छ भने कतिपय ठाउँमा राखिएका बीउ ब्याडमै उम्रन पाएका छैनन् । हरेक वर्ष हिले ब्याड राख्ने गरेकोमा यसपटक पानी अभावमा धुले ब्याड राख्न बाध्य भएको पाल्पाको रामपुरका किसान डोलराज तिवारी बताउँछन् ।

'समयमा पानी पर्न सकेन, धुले ब्याड बनाएर बीउ राखियो, सिँचाइ दिन सकिएको छैन, दिनभर चर्को घामबाट जोगाउन स्याउला तथा बोराले माथिबाट ढाकेर राखिएको छ,' उनले भने । तिवारीका अनुसार कुलोको पानी पालोअनुसार सिँचाइ दिन रातदिन धाउनुपरेको छ । पर्याप्त सिँचाइ दिन नपाउँदा ब्याडमा उम्रँदै गरेको बीउ सुक्ने अवस्थामा छन् ।

रातभर खेतमा पानीको पालो कुलेर बस्दासमेत दुई दिनमा एक पटक सिँचाइ दिन सकस भएको बताउँछिन्, शोभा आले । 'पानीको पालोअनुसार ब्याड सिँचाइ गर्न दिनरात नभनिकन खेतमा धाउनुपरेको छ,' उनले भनिन्, 'दुई दिन बित्दासमेत पालो आउन मुस्किल पर्छ, खेतमा बीउ सुक्न लागिसक्यो, आकाशे पानी नपरेपछि किसानले धेरै सास्ती खेप्नु परेको छ ।'

घरधन्दा, छोराछोरीको रेखदेखका बाबजुद रातभर खेतमा पानी पालो पर्खेर बस्न पर्दा महिलालाई धेरै अप्ठेरो हुने गरेको मञ्जु पंगेनीले बताइन् । रातको समयमा डर त्रासका बाबजुद कुलोको मुहानमा पुगेर पानी ल्याएर सिँचाइ गर्न महिलालाई सकस परेको आलेको भनाइ छ ।

हिले ब्याड बनाएर बीउ राख्ने यहाँका किसानले अहिले पानी अभावमा धेरैले धुले ब्याड राखेका छन् । असार लागिसक्दा पनि कतिपय ठाउँमा बीउ अझै राख्न पाइएको छैन । यस वर्ष मनसुन ढिला सुरु हुँदा धानको बीउ राख्न किसानले धेरै समस्या भोग्नुपरेको रामपुर नगरपालिका कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताए ।

उनी भन्छन्, 'पानी नपरेपछि कुलो, नहरमा पानीको बहाव घटेको छ, पानीका मुहान, कुवा सुक्दै गएका छन्, पर्याप्त सिँचाइ भएका मूल, कुवाको मुहान नजिक भएका खेतमा हिलो गरेर बीउ राखिएको छ भने सिँचाइ कम सुविधा भएका ठाउँमा धुले ब्याड तयार भएका छन् ।'

पाण्डेयका अनुसार यस क्षेत्रका आकाशे पानीको भरमा मात्र खेती लगाइने जग्गामा बीउ राख्न अझै बाँकी नै छ । कुलो, नहरमा ल्याइएका पानी खेतको मुहानमा पुग्न धौधौ अवस्था छ । बिहानैदेखि रात नपरुञ्जेलसम्म चर्को घाम लागेकाले कुलो तथा नहरमा ल्याइएको पानी खेतसम्म पुऱ्याउन कठिनाइ छ ।

ब्याडमा बीउ सुक्ने अवस्था हुन थालेपछि किसानले बोरा, स्याउलाले दिनभर छोपेर राख्ने गरेका छन् । महँगो मूल्यमा बजारका एग्रोभेटमा बीउ खरिद गरेर ब्याड राखेका किसान सिँचाइ पर्याप्त दिन नपाउँदा उम्रन नपाइकन बीउ बिग्रने चिन्तामा छन् । वर्षदिन खाने खेती समयमा नै बीउ राख्न नपाउँदा र ब्याडमा पर्याप्त सिँचाइ दिन नसक्दा किसान पिरोलिएका छन् ।

खेती लगाउने समयमा हरेक वर्ष किसानलाई केही न केही समस्या निम्तिएको हुन्छ । कहिले रासायनिक मलको अभाव त कहिले धानको बीउ अभाव, समयमा वर्षा नपर्नुजस्ता समस्याले किसानलाई सताइरहेको हुन्छ । दिगो र भरपर्दो सिँचाइको व्यवस्थापन हुन नसक्दा बीउ राख्न तथा बालीनाली लगाउन समस्या भइरहेको छ । *रासस*

## चालु बजेट ११ महिनासम्म दुई खर्ब ९५ अर्ब घाटामा




- आय र व्यय दुवै कमजोर स्थितिमा
- पुँजीगत खर्च ४० प्रतिशतमा सीमित
- संशोधित लक्ष्य भेट्टाउनै असारमा तीन खर्ब २९ अर्ब खर्च गर्नुपर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** चालु आर्थिक वर्ष २०७९/८० को ११ महिनामा सरकारको आम्दानी र खर्चको कमजोर देखिएको छ । जेठ मसान्तसम्मको तथ्यांकअनुसार आय लक्ष्यको ६० प्रतिशत र व्यय ६५ प्रतिशत बराबरमात्रै देखिएको छ । सुरुआती विनियोजित लक्ष्यको तुलनामा जेठ मसान्तसम्मको सरकारी आम्दानी र खर्च निकै न्यून हो ।

महालेखा नियन्त्रक कार्यालयको जेठ मसान्तसम्मको तथ्यांकअनुसार यो अवधिसम्ममा बजेट खर्च ११ खर्ब ७६ अर्ब छ करोड ५७ लाख रूपैयाँ बराबर छ । जुन चालु आर्थिक वर्षको सुरुआती विनियोजनको ६५.५६ प्रतिशत बराबर हो । चालु आर्थिक वर्षका लागि सरकारले कूल १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रूपैयाँ बराबरको बजेट ल्याएको थियो ।

जेठ मसान्तसम्मको चालुतर्फको खर्च सुरुआती विनियोजनको ७४.१५ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि चालु खर्च शीर्षकमा ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख रूपैयाँ बराबर बजेट विनियोजन भएकामा हालसम्म आठ खर्ब ७७ अर्ब ३९ करोड ४४ लाख रूपैयाँ खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख रूपैयाँको वार्षिक बजेट रहेकामा जेठ मसान्तसम्ममा ४०.२४ प्रतिशत अर्थात् एक खर्ब ५३ अर्ब आठ करोड ४२ लाख रूपैयाँ बराबर खर्च भएको छ ।

वित्तीय व्यवस्थापन शीर्षकमा दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख रूपैयाँ वार्षिक बजेट विनियोजन भएकामा जेठ मसान्तसम्ममा सुरुआती विनियोजनको ६३.२४ प्रतिशत अर्थात् एक खर्ब ४५ अर्ब ५८ करोड ७१ लाख रूपैयाँ बराबर खर्च भएको छ ।

जेठ मसान्तसम्मको राजस्व संकलन पनि लक्ष्यभन्दा निकै न्यून छ । यो अवधिसम्मका सरकारको कूल राजस्व प्राप्ति वार्षिक लक्ष्यको ६०.३६ प्रतिशत अर्थात् आठ खर्ब ८० अर्ब ३८ करोड ७९ लाख रूपैयाँ बराबर रहेको छ । सरकारले चालु आर्थिक वर्षका लागि १२ खर्ब ९५ अर्ब ३७ करोड ५८ लाख रूपैयाँ कर राजस्व, एक खर्ब सात अर्ब ७७ करोड १२ लाख रूपैयाँ गैरकर राजस्व र ५५ अर्ब ४५ लाख ८३ करोड रूपैयाँ वैदेशिक अनुदान लिने लक्ष्य राखेको थियो ।

जेठ मसान्तसम्मको कर राजस्व संकलन लक्ष्यको ५८.५९ प्रतिशत अर्थात् सात खर्ब ५९ अर्ब, गैरकर राजस्व संकलन ७२.२४ प्रतिशत अर्थात् ७७ अर्ब ८५ करोड ३७ लाख र वैदेशिक अनुदान ८.६६ प्रतिशत अर्थात् चार अर्ब ८० करोड २० लाख रूपैयाँ बराबर रहेको छ ।

यसरी सरकारको आयभन्दा व्यय धेरै हुँदा जेठ मसान्तसम्मको बजेट घाटा दुई खर्ब ९५ अर्ब ६७ करोड रूपैयाँ बराबर छ ।

### दुईपटक संशोधन गर्दा पनि लक्ष्य भेटिनेमा शंका

सरकारले गत जेठ १५ मा आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दै दोस्रोपटक बजेट संशोधन गरेको थियो । सरकारले चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामार्फत पनि बजेट खर्चको अनुमान संशोधन गरेको थियो ।

दोस्रो पटकको संशोधित लक्ष्यअनुसार चालु आर्थिक वर्षमा सरकारले १५ खर्ब चार अर्ब ९९ करोड रूपैयाँ अर्थात् सुरुआती विनियोजनको ८३.९० प्रतिशतमात्रै बजेट खर्च हुने अनुमान गरेको छ । संशोधित लक्ष्य भेटाउनका लागि सरकारले चालु आर्थिक वर्षको अन्तिम महिना अर्थात् असारमा मात्रै तीन खर्ब २९ अर्ब रूपैयाँ बराबर बजेट खर्च गर्नुपर्ने देखिएको छ ।

दोस्रोपटकको संशोधित अनुमानअनुसार चालु खर्च १० खर्ब ४३ अर्ब ४९ करोड अर्थात् सुरुआती विनियोजनको ८८.१८ र पुँजीगत खर्च दुई खर्ब ५८ अर्ब ३४ करोड रूपैयाँ अर्थात् सुरुआती विनियोजनको ६७.९१ प्रतिशत र वित्तीय व्यवस्थातर्फ दुई खर्ब तीन अर्ब २६ करोड रूपैयाँ अर्थात् सुरुआती विनियोजनको ८८.२९ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

चालु आर्थिक वर्षमा राजस्व संकलन ११ खर्ब ७९ अर्ब ४४ करोड रूपैयाँ बराबर हुने संशोधित अनुमान छ । यो वार्षिक लक्ष्यको ८४ प्रतिशत हो भने गत वर्षको तुलनामा पाँच प्रतिशतले न्यून हो । जेठ मसान्तसम्मको अवस्था हेर्दा राजस्व संकलनको संशोधित लक्ष्य भेटाउनका लागि पनि सरकारले असार महिनामा मात्र करिब तीन खर्ब रूपैयाँ राजस्व उठाउनुपर्ने देखिन्छ ।

## तीन जिल्लामा विद्युत् आपूर्ति सहज हुँदै

■ **प्रभाव संवाददाता**



**काठमाडौं-** रामेछाप र आसपासको क्षेत्रमा गुणस्तरीय बिजुली प्रवाहका लागि भौतिक संरचना तयार भएको छ । नेपाल विद्युत् प्राधिकरणले रामेछापको मन्थली नगरपालिका-१३ साँखे(फुलासी)स्थित नयाँ खिम्ती सबस्टेसनमा निर्माण गरिएको १३२/३३/११ किलोभोल्ट(केभी) सबस्टेसन पूर्वाधार सञ्चालनमा आएको छ ।

गर्ज्याङ-नयाँ खिम्ती १३२ केभी प्रसारण लाइन आयोजनाअन्तर्गत स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि निर्माण गरिएको सबस्टेसन बिहीबारबाट सञ्चालनमा ल्याइएको हो । सबस्टेसनमा ३० एमभिए क्षमताका दुईवटा र ३३/११ केभी, छ/आठ एमभिए क्षमताको एउटा पावर ट्रान्सफर्मरहरू राखिएका छन् । स्थानीयरूपमा विद्युत् आपूर्तिका लागि सबस्टेसनबाट ३३ केभीका पाँच र ११ केभीका तीनवटा फिडर लाइन निकालिएका छन् ।

कूल ३३ केभीका फिडरलाई बिहीबार चार्ज गरी मन्थली, दोरम्बा र दोलखाको केही भागमा विद्युत् आपूर्ति दिन सुरु गरिएको छ । त्यस्तै, ११ केभीको एउटा फिडर लाइनमार्फत खिम्ती ग्रामीण विद्युत् सहकारीलाई आपूर्ति दिइने छ । उक्त सहकारीले दोलखा र रामेछापको केही क्षेत्रमा विद्युतीकरण गरेको छ ।

दोलखामा सञ्चालित ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले २२०/१३२ केभी क्षमताको नयाँ खिम्ती सबस्टेसन निर्माण गरेको थियो । उक्त सबस्टेसनमा स्थानीयस्तरका लागि विद्युत् आपूर्ति गर्ने कुनै व्यवस्था नभएपछि नेपाल विद्युत् प्राधिकरणले १३२/३३/११ केभीको सबस्टेसन पूर्वाधार बनाएको हो । कूल १३२/३३ केभीको पूर्वाधार तयार भएपछि नयाँ खिम्ती सबस्टेसनबाट स्थानीयस्तरमा विद्युत् आपूर्ति दिन सुरु भएको छ । नयाँ खिम्ती सबस्टेसनमा माथिल्लो तामाकोशीसहित खिम्ती र लिखू नदी करिडोरका जलविद्युत् आयोजनाको विद्युत् जोडिएका छन् ।

उक्त आयोजनाहरूबाट नयाँ खिम्ती सबस्टेसनमा प्रवाह भएको विद्युत्लाई १३२/३३ केभी सबस्टेसनमार्फत ३३ र ११ केभीमा झारेर स्थानीयरूपमा आपूर्ति गरिएको छ । बाँकी विद्युत्लाई २२० केभी प्रसारण लाइनमार्फत धनुषाको ढल्केबर र १३२ केभी लाइनमार्फत सिन्धुपाल्चोकको लामोसाँघू सबस्टेसनतर्फ प्रवाह गरिएको छ ।

कूल १३२/३३/११ केभी सबस्टेसन सञ्चालनमा आएपछि रामेछाप र दोलखाको केही भागमा त्यहीँबाट विद्युत् आपूर्ति दिइएको छ । रामेछापको पूरै क्षेत्रमा र दोलखाको जिरी नगरपालिका, वैतेश्वर तथा तामाकोशी गाउँपालिकाअन्तर्गतका क्षेत्रमा नयाँ खिम्ती सबस्टेसनबाट विद्युत् आपूर्ति दिइएको छ । दोलखाको ती क्षेत्रमा अहिले लामासाँघू सबस्टेसबाट विद्युत् आपूर्ति हुँदै आएको थियो । साथै, सिन्धुलीको सुनकोशी, फिकल र गोलाञ्जोर गाउँपालिकाअन्तर्गतका क्षेत्रमासमेत नयाँ खिम्ती सबस्टेसनबाट विद्युत् आपूर्ति दिइनेछ ।

नयाँ खिम्ती सबस्टेसनबाट आपूर्ति दिन सुरु भएपछि रामेछापलगायत जिल्लामा विद्युत् पर्याप्त, भरपर्दो र गुणस्तरीयरूपमा वितरण भइरहेको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । उनका अनुसार नयाँ खिम्ती सबस्टेसनमा जोडिएका जलविद्युत् आयोजनाको विद्युत् सिन्धुपाल्चोकको लामोसाँघू हुँदै काठमाडौं र धनुषाको ढल्केवरमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुने तथा बढी भएको ढल्केबर-मुजफ्फरपुर हुँदै भारततर्फ निर्यात हुँदै आएको थियो ।

'नयाँ खिम्तीमा स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि पूर्वाधार नहुँदा, जिल्लाभित्रै ठूलो सबस्टेसन भएर पनि स्थानीय उपभोक्ताले विद्युत् आपूर्ति नपाउँदा भरपर्दो र गुणस्तरीय विद्युत् उपभोगबाट वञ्चित थिए,' कार्यकारी निर्देशक घिसिङले भने ।

नयाँ खिम्तीबाट २२० केभी प्रसारण लाइनमार्फत ढल्कबेर पुगेको विद्युत्लाई ३३ केभी प्रसारण लाइनबाट फेरि यतै ल्याएर सिन्धुली, रामेछापमा आपूर्ति गरिएको थियो ।

'लामो लाइन हुँदा ट्रिपिङ, न्यून भोल्टेजलगायत समस्या थिए, अब नयाँ खिम्तीबाट आपूर्ति हुन थालेपछि विद्युत् आपूर्तिमा रहेका समस्याहरू समाधान हुने छन्, उपभोक्ताले भरपर्दो र गुणस्तरीय विद्युत् पाउने छन्,' उनले भने ।

ढल्केबरबाट मन्थलीसम्मको ३३ केभी प्रसारण लाइनको लम्बाइ करिब ८० किलोमिटर छ । लामो तथा जंगलैजंगलबाट आएको लाइनका कारण रामेछाप र सिन्धुलीका उपभोक्ताले ट्रिपिङ, न्यून भोल्टेजलगायत समस्या व्यहोर्दै आएका थिए । अहिले नयाँ खिम्तीबाट विद्युत् आपूर्ति दिन थालेपछि लाइनको लम्बाइ घटेसँगै त्यस क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुने, लाइन मर्मतसम्भारमा सजिलो हुने आयोजनाका प्रमुख अनुप गौतमले बताए ।

सिन्धुलीको खुर्कोटस्थित सबस्टेसनसम्म नयाँ खिम्ती सबस्टेसनबाटै विद्युत् आपूर्ति दिइनेछ । खुर्कोट सबस्टेसनबाट विद्युत् आपूर्ति हुने सिन्धुलीका सुनकोशी, गोलाञ्चोर र फिकल गाउँपालिकाको विद्युत् आपूर्तिमा पनि सुधार हुनेछ । अहिले ती सबै क्षेत्रमा ढल्केबर सबस्टेसनमार्फत आएको लाइनबाट विद्युत् आपूर्ति हुँदै आएको छ ।

नयाँ खिम्तीमा १३२/३३ केभीको सबस्टेसन पूर्वाधार निर्माण आर्थिक वर्ष २०७६/७७ मा सुरु गरिएको थियो । नेपाल सरकार तथा प्राधिकरणको लगानीमा निर्माण भएको उक्त सबस्टेसनको लागत करिब ८० करोड रूपैयाँ रहेको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ